श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३९ सालको ऐन नं. १५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथि परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

### औद्योगिक तालीमको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः नेपाली श्रमजीवीहरूलाई बढी मात्रामा औद्योगिक कार्यमा संलग्न गराउन औद्योगिक प्रतिष्ठानमा औद्योगिक सीप सिकाउने तालीमसम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

परिच्छेद–१

#### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "औद्योगिक प्रशिक्षार्थी तालीम ऐन, २०३९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

४२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) "तालीम" भन्नाले यो ऐनबमोजिम औद्योगिक सीप सिकाउने उद्देश्यले सञ्चालन गरिने तालीम सम्झनुपर्छ ।

(ख) "प्रशिक्षार्थी" भन्नाले यो ऐनबमोजिम सञ्चालन गरिने तालीम लिने व्यक्ति सम्झनुपर्छ ।

(ग) "सल्लाहकार" भन्नाले दफा १० बमोजिम नियुक्त भएको तालीम सल्लाहकार सम्झनुपर्छ ।

(घ) "परिषद्" भन्नाले दफा १६ बमोजिम गठन भएको तालीम परिषद् सम्झनुपर्छ ।

(ङ) "प्रतिष्ठान" भन्नाले कुनै औद्योगिक व्यवसाय गर्ने उद्देश्य लिई प्रचलित कानूनबमोजिम स्थापना भएको कुनै कम्पनी, फर्म वा तिनको समूह सम्झनुपर्छ ।

(च) "व्यवस्थापक" भन्नाले प्रतिष्ठानको व्यवस्थापक सम्झनुपर्छ ।

(छ) "विभाग" भन्नाले श्री ५ को सरकारको श्रम विभाग सम्झनुपर्छ ।

(ज) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

## परिच्छेद–२

## तालीमसम्बन्धी व्यवस्था

३. प्रतिष्ठानले तालीम सञ्चालन गर्नु पर्ने: श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको प्रतिष्ठानले यस ऐनका अन्य दफाहरूको अधीनमा रही तालीम सञ्चालन गर्नु पर्नेछ ।

४. प्रशिक्षार्थीले कबूलियत गर्नु पर्ने: (१) प्रत्येक प्रशिक्षार्थीले तोकिएबमोजिमको कबूलियतनामा गर्नु पर्नेछ । त्यस्तो कबूलियत नगरेसम्म प्रशिक्षार्थीलाई तालीममा शरीक गराइनेछैन ।

(२) उपदफा (१) बमोजिम प्रशिक्षार्थीले गरेको कबूलियतको एक प्रति व्यवस्थापकले विभागमा पठाउनु पर्नेछ र विभागले त्यस्तो कबूलियतको अभिलेख राख्नु पर्नेछ ।

५ अधूरो तालीम अन्य प्रतिष्ठानद्वारा सञ्चालन गराउन सक्ने: (१) कुनै असाधारण अवस्था परी कुनै प्रतिष्ठानले सञ्चालन गरेको तालीम पूरा गर्न नसक्ने भएमा व्यवस्थापकले त्यस्तो सूचना यथाशीघ्र सल्लाहकारलाई दिनु पर्नेछ । त्यसरी सूचना दिंदा अधूरो तालीम सञ्चालन गर्न अन्य कुनै प्रतिष्ठानले मञ्जूरी दिएको भए त्यसको व्यहोरा पनि उल्लेख गर्नु पर्नेछ ।

४९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त भएपछि सल्लाहकारले सम्बन्धित व्यवस्थापकसित छलफल गर्दा कारण मुनासिब ठहराएमा त्यस्तो अधूरो रहेको तालीम सञ्चालन गर्न अन्य कुनै प्रतिष्ठानले मञ्जूरी गरेको भए सो प्रतिष्ठानद्वारा त्यस्तो अधूरो तालीम पूरा गराउनको निमित्त सल्लाहकारले स्वीकृति दिन सक्नेछ । त्यस्तो अधूरो तालीम सञ्चालन गर्न कुनै प्रतिष्ठानले मञ्जूरी पनि नगरेको र सम्बन्धित प्रतिष्ठानले पनि निकट भविष्यमा पुनः तालीम चालू गर्न सक्ने नदेखिएमा सल्लाहकारले आफ्नो कार्यक्षेत्रभित्रको त्यस्तै किसिमको तालीम दिन सक्ने प्रतिष्ठानलाई त्यस्तो अधूरो तालीम सञ्चालन गर्ने आदेश दिन सक्नेछ। आफ्नो कार्यक्षेत्रभित्र त्यस्तो अधूरो रहेको तालीम संचालन गर्न सक्ने कुनै प्रतिष्ठान नभएमा सल्लाहकारले सोही व्यहोरा परिषद्समक्ष लेखी पठाउनु पर्नेछ ।

(३) प्रतिष्ठान र प्रशिक्षार्थीको बीच भएको साबिकको कबूलियत उपदफा (२) बमोजिम अधूरो रहेको तालीम पूरा गर्ने प्रतिष्ठान तथा प्रशिक्षार्थीको बीच भएको कबूलियत मानिनेछ ।

(४) उपदफा (२) बमोजिम बाँकी रहेको अधूरो तालीम सञ्चालन गर्न लाग्ने सम्पूर्ण खर्च साबिकमा तालीम सञ्चालन गर्ने प्रतिष्ठानले अधूरो रहेको तालीम सञ्चालन गर्ने प्रतिष्ठानलाई दिनु पर्नेछ ।

६. कबूलियत रद्द हुने अवस्था : कुनै प्रतिष्ठान तथा प्रशिक्षार्थीको बीच भएको कबूलियत देहायको अवस्थामा स्वतः रद्द भएको मानिनेछः–

(क) प्रशिक्षार्थीको मृत्यु भएमा,

(ख) दफा ७ बमोजिम तालीम छोड्ने अनुमति दिएमा ।

७. तालीम छोड्ने अनुमति दिन सकिनेः कुनै प्रशिक्षार्थीले तालीम पूरा गर्न नसक्ने कारण खोली व्यवस्थापकसमक्ष निवेदन गरेमा त्यस्तो प्रशिक्षार्थीको निमित्त सम्बन्धित प्रतिष्ठानले गरेको खर्च निजले फिर्ता बुझाएमा त्यस्तो प्रशिक्षार्थीलाई तालीम छोड्ने अनुमति दिन सक्नेछ ।

८. तालीम भत्ताः प्रशिक्षार्थीहरूलाई प्रतिष्ठानले दिनु पर्ने तालीम भत्ता परिषद्ले तोकेबमोजिम हुनेछ ।

९. व्यवस्थापकको दायित्वः तालीम सञ्चालन गर्ने प्रत्येक प्रतिष्ठानको व्यवस्थापकले देहायबमोजिमको दायित्व पूरा गर्नु पर्नेछः–

(क) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमबमोजिम परिषद्ले तोकेबमोजिम तालीमको प्रबन्ध गर्ने,

(ख) प्रशिक्षार्थीहरूसित भएको कबूलियतबमोजिम दायित्वहरू पूरा गर्ने,

X23

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) तालीम सम्बन्धमा परिषद्ले दिएको निर्देशन पालन गर्ने,

(घ) विभाग, परिषद् वा सल्लाहकारले मागेको विवरण तथा तथ्याङ्क पठाउने,

(ङ) आवश्यकतानुसार सल्लाहकारसित परामर्श गरी तालीम सञ्चालन गर्ने ।

१०. तालीम सल्लाहकारको नियुक्तिः (१) श्री ५ को सरकारले कुनै क्षेत्र वा कुनै खास वर्गीकरणको प्रतिष्ठानको निमित्त आवश्यक संख्यामा तालीम सल्लाहकारहरू नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सल्लाहकार नियुक्त नहुन्जेलसम्म श्री ५ को सरकारले अन्य कुनै सरकारी कर्मचारीलाई सल्लाहकार तोक्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त भएको सल्लाहकारको अन्य काम, कर्तव्य र सेवाका शर्तहरू तोकिएबमोजिम हुनेछ ।

११. तालीम कार्यक्रम सञ्चालन गर्नको लागि खर्चको व्यवस्थाः (१) प्रत्येक प्रतिष्ठानले आफूले गरेको खूद मुनाफाबाट विभागले तोकेको प्रतिशत बराबरको रकम तालीम सञ्चालन गर्न छुटयाउनु पर्नेछ ।

(२) नेपाल अधिराज्यमा सञ्चालन हुन नसक्ने किसिमको तालीमको लागि प्रशिक्षार्थीलाई कुनै विदेशी मुलुकमा पठाउन चाहने प्रतिष्ठानले परिषद्को स्वीकृति लिई आफ्नै खर्च वा अन्य कुनै विदेशी संस्थाले प्रदान गरेको छात्रबृत्ति अन्तर्गत तालीम लिन पठाउन सक्नेछ ।

१२. क्षतिपूर्तिः तालीमको सिलसिलामा प्रशिक्षार्थीको शरीरमा घाउ, चोट पटक लागेमा अङ्ग भङ्ग भएमा वा मृत्यु भएमा त्यस्तो प्रशिक्षार्थी वा निजको संरक्षकले पाउने क्षतिपूर्तिसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१३. विवादको निर्णय र त्यसउपरको पुनरावेदन : (१) तालीमसम्बन्धी कबूलियतमा उल्लेखित शर्तहरूका सम्बन्धमा व्यवस्थापक तथा प्रशिक्षार्थीको बीच कुनै विवाद उत्पन्न भएमा त्यसको निर्णय परिषद्ले गर्नेछ ।

(२) उप-दफा (१) बमोजिम परिषद्ले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले उक्त निर्णय भएको मितिले पैंतीस दिनभित्र श्री ५ को सरकारसमक्ष पुनरावेदन दिन सक्नेछ र त्यस्तोमा श्री ५ को सरकारले गरेको निर्णय अन्तिम हुनेछ ।

१४. प्रमाणपत्र दिने : परिषद्बाट सञ्चालित परीक्षामा उत्तीर्ण हुने प्रत्येक प्रशिक्षार्थीलाई परिषद्द्वारा तोकिएको ढाँचाको प्रमाणपत्र सम्बन्धित प्रतिष्ठानले प्रदान गर्नेछ ।

१५. प्रशिक्षार्थीलाई प्राथमिकता दिनु पर्ने : प्रत्येक व्यवस्थापकले आफ्नो प्रतिष्ठानमा कामदार नियुक्ति गर्दा कुनै प्रतिष्ठानबाट तालीम सम्पन्न गर्ने प्रशिक्षार्थीलाई प्राथमिकता दिनु पर्नेछ ।

४२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–३
## तालीम परिषद्सम्बन्धी व्यवस्था

१६. तालीम परिषद् : (१) यस ऐन अन्तर्गतको तालीम सञ्चालन गर्ने तथा तत्सम्बन्धी अन्य व्यवस्था गर्नको लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तालीम परिषद् गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन गरिने परिषद्मा सदस्यहरू तोक्दा साधारणतया देहायबमोजिम प्रतिनिधित्व हुने गरी तोकिनेछः–

(क) श्री ५ को सरकारको मन्त्रालय, विभाग वा कार्यालयका प्रतिनिधि,
(ख) कारखाना तथा औद्योगिक प्रतिष्ठानका प्रतिनिधि,
(ग) त्रिभुवन विश्वविद्यालयको प्रतिनिधि,
(घ) औद्योगिक तथा श्रमसम्बन्धी विशेषज्ञ वा अनुभव प्राप्त व्यक्ति,
(ङ) पञ्चायतको सम्बन्धित वर्गीय सङ्गठनको प्रतिनिधि ।

(३) परिषद्को सदस्यहरूको पदावधि तोकिएबमोजिम हुनेछ ।

(४) परिषद्को सदस्यहरूलाई परिषद्ले तोकेबमोजिम बैठक भत्ता दिइनेछ ।

(५) परिषद्ले आफ्नो आन्तरिक कार्य व्यवस्था आफैं व्यवस्थित गर्न सक्नेछ ।

१७. परिषद्को काम कर्तव्य : यस ऐनमा अन्यत्र लेखिएदेखि बाहेक परिषद्को काम कर्तव्य देहायबमोजिम हुनेछः–

(क) तालीमको सञ्चालनको सम्बन्धमा नीति निर्धारण गर्ने तथा तालीमको सञ्चालनमा समन्वय ल्याउने,
(ख) तालीमसम्बन्धी विषय निर्धारण गर्ने र कार्यक्रमको तर्जुमा गर्ने तथा त्यस विषयको सैद्धान्तिक तथा प्रयोगात्मक पाठ्यक्रमहरूलाई स्वीकृत गर्ने,
(ग) तालीम अवधिमा प्रशिक्षार्थीलाई दिइने भत्ता तोक्ने,
(घ) प्रशिक्षार्थीहरूको छनौटसम्बन्धी नीति निर्धारण गर्ने,
(ङ) तालीमको सञ्चालनको रेखदेख तथा निरीक्षण गर्ने,
(च) तालीमलाई सुव्यवस्थित एवं समयानुकूल तुल्याउन आवश्यक व्यवस्था गर्ने,
(छ) श्री ५ को सरकारले तालीमको सम्बन्धमा माग गरेको जानकारी वा राय सुझाव पेश गर्ने,
(ज) तालीम सञ्चालन गर्ने प्रतिष्ठानलाई तालीमसम्बन्धी आवश्यक निर्देशन दिने ।

४२७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. समिति गठन गर्न सक्ने : परिषद्ले आवश्यक ठहराएमा तालीमसम्बन्धी पाठ्यक्रम तर्जुमा गर्ने तथा तालीमका स्तर निर्धारण गर्न समिति गठन गर्न सक्नेछ। समितिमा रहने सदस्यहरू परिषद्ले तोकेबमोजिम हुनेछ।

परिच्छेद–४

विविध

१९. निर्देशन दिने अधिकार : (१) श्री ५ को सरकारले समय समयमा परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालन गर्नु परिषद्को कर्तव्य हुनेछ।

(२) परिषद्ले व्यवस्थापकलाई समय समयमा तालीम सञ्चालन गर्ने सम्बन्धमा निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालन गर्नु सम्बन्धित व्यवस्थापकको कर्तव्य हुनेछ।

२०. दण्ड सजाय : (१) देहायका कुनै काम कुरा गर्ने व्यवस्थापकलाई पाँच हजार रूपैयाँसम्म जरीवाना हुनेछः–

(क) तालीमसम्बन्धी कबूलियत बमोजिमको दायित्व पूरा नगरेमा,

(ख) विभागसमक्ष तालीमसम्बन्धी झुट्ठा विवरण वा तथ्याङ्क पेश गरेमा वा गर्न लगाएमा,

(ग) तालीमसम्बन्धी अभिलेख नराखेमा वा परिषद्ले खटाएको व्यक्ति वा सल्लाहकारलाई त्यस्तो अभिलेखको निरीक्षण गर्न बाधा विरोध गरेमा,

(घ) तालीम कार्यक्रम सञ्चालन गर्नको लागि खर्चको व्यवस्था नगरेमा,

(ङ) तालीमको सिलसिलामा प्रशिक्षार्थीलाई तोकिएको समयभन्दा बढी समय काममा लगाएमा वा तालीमसंग असम्बन्धित काममा लगाएमा।

(२) उप-दफा (१) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको कुनै कुरा उल्लङ्घन गर्ने व्यक्तिलाई एक हजार रूपैयाँसम्म जरीवाना हुनेछ।

२१. मुद्दा हेर्ने अधिकारी : (१) यस ऐनबमोजिम सजाय हुने कसूर गर्ने व्यक्तिउपर कारवाई चलाई सजाय गर्ने अधिकार विभागलाई हुनेछ।

(२) उप-दफा (१) बमोजिम विभागले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र अञ्चल अदालतमा पुनरावेदन दिन सक्नेछ।

४२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. मुद्दा दायर गर्ने हदम्याद : यस ऐनबमोजिम सजाय हुने कसूरको सम्बन्धमा सो भए गरेको मितिले तीन महीनाभित्र उजूर गर्नु पर्नेछ ।

२३. अधिकार प्रत्यायोजन : (१) श्री ५ को सरकारले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये कुनै वा सबै अधिकार परिषद्‌लाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) परिषद्‌ले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये कुनै वा सबै अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरूको समिति वा परिषद्‌को कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२४. नियम बनाउने अधिकार : (१) यस ऐनको उद्देश्यहरू कार्यान्वियन गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

(२) उप-दफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी खासगरी देहायका विषयहरूमा नियमहरू बनाउन सक्नेछः–

(क) तालीमको सञ्चालन,
(ख) तालीमको किसिम र अवधि,
(ग) प्रशिक्षार्थीको योग्यता,
(घ) प्रशिक्षार्थीको संख्या तथा छनौट,
(ङ) प्रशिक्षार्थीले गर्नु पर्ने कबूलियतको ढाँचा,
(च) प्रशिक्षार्थीको स्वास्थ्य र सुरक्षासम्बन्धी व्यवस्था,
(छ) प्रशिक्षार्थीको आचरण तथा अनुशासन,
(ज) तालीम र प्रशिक्षार्थीसम्बन्धी अभिलेखको व्यवस्था,
(झ) परिषद्‌को सचिवालयसम्बन्धी व्यवस्था,
(ञ) औद्योगिक प्रशिक्षार्थी तालीमसम्बन्धी अन्य आवश्यक कुराहरू ।

२५. विनियम बनाउने अधिकार : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही प्रशिक्षार्थीहरूले पालन गर्नु पर्ने आचरण वा अनुशासनको सम्बन्धमा प्रतिष्ठानले विनियम बनाउन सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम बनेको विनियम परिषद्‌बाट स्वीकृति भएपछि मात्र लागू हुनेछ ।

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०३९।८।६।१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।